// प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, मंसीर ०४ गते, २०७६ साल (अतिरिक्ताङ्क ४४

# भाग ३

## प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ र प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूचीमा हेरफेर सम्बन्धी मिति २०७६।०६।१७ गते प्रदेश सरकार (म.प.) बाट स्वीकृत भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

प्रदेश नं. ५, प्रदेश सरकारले देहायका ऐनका अनुसूचीहरुमा मिति २०७६/०४/०१ देखि लागु हुने गरी देहायबमोजिम हेरफेर गरेको छः-

(क) मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी उक्त ऐनको अनुसूची-१ को क्रम सङ्ख्या १ को मासिक पारिश्रमिक शिर्षकमा मुख्यमन्त्रीको रु. ७०,७३०।-, मन्त्रीको रु. ६०,३२०।-, राज्यमन्त्रीको रु. ५६,८४०।- र सहायक मन्त्रीको रू. ५५,८००।- कायम गरिएको छ।

(ख) प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १९ ले दिएको अधिकार प्रयोग गरि उक्त ऐनको अनुसूची -१ को क्रम सङ्ख्या १ को मासिक पारिश्रमिक शिर्षकमा सभामुखको रु. ६१,४८०।-, उपसभामुखको रु. ५८,०००।-, विपक्षीदलको नेताको रु. ५८,०००/-, सत्तापक्षको प्रमुख सचेतकको ५६,६८०।-, सभापतीको रु. ५५,६८०।-, विपक्षी दलको प्रमुख सचेतकको रू. ५५,६८०।-, सत्तापक्षको सचेतक रु. ५५,६८०।-, दलको प्रमुख सचेतकको रू. ५५,६८०।- र सदस्यको रु. ५२,२००।- कायम गरिएको छ ।

**आज्ञाले,**

**टेकनारायण पाण्डे**

**सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय